REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 10.06.2024

## CM Swearing

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको दोस्रो पटक राज्यको मुख्यमन्त्रीमा आज अपरान्ह पाल्जोर स्टेडियममा शपथ ग्रहण सम्पन्न भयो। मुख्यमन्त्रीसँगै उहाँको मन्त्रिपरिषद्ले पनि आजै सपथ लिएको छ। राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले मुख्यमन्त्री र मन्त्रिपरिषद्लाई पद तथा गोपनियताको शपथ गराउनुभयो। आज सपथ लिने मन्त्रीहरूमा सोनम लामा, अरुणकुमार उप्रेती, साम्दुप लेप्चा, भीम हाङ लिम्बू, भोजराज राई, जीटी ढुंगेल, पुरनकुमार गुरुङ, पिन्सो नामग्याल लेप्चा, नरबहादुर दाहाल, राजु बस्नेत र छिरिङ थेन्दुप भोटिया रहेका छन्। अनुपम शैलीमा बौद्ध भिक्षुहरूको प्रार्थना, क्रिस्चियन गायन समूहद्वारा भजन गायन, संस्कृत महाविद्यालयद्वारा वैदिक भजनका साथै राज्यको शान्ति, समृद्धि, सुख र हितका लागि वैदिक भजन आजको कार्यक्रमको मुख्य विशेषता रहेको थियो। समारोहमा पूर्व राज्यपाल श्री गंगा प्रसाद, दार्जीलिङका सासंद श्री राजु विष्ट, दार्जीलिङका विधायक श्री निरज जिम्बा र श्री मन घिसिङ अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

## PM -WORLD LEADERS

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो सपथ ग्रहण समारोहपछि हिजो राति राष्ट्रपति भवनमा छिमेकी र हिन्द महासागर क्षेत्रका अतिथि नेताहरूसँग भेटघाट गर्दै, आफ्नो तेस्रो कार्यकालमा पनि यस क्षेत्रको शान्ति, प्रगति र समृद्धिका लागि काम गरिरहने बताउनुभएको छ। यस अवसरको सम्मान गरेर उपस्थिति जनाएकोमा पाहुनाहरूलाई धन्यवाद दिँदै, श्री मोदीले भारतको 'छिमेकी पहिलो' नीति र 'सागर दृष्टिकोण'-प्रतिको प्रतिबद्धताको पुन: पुष्टि गर्नुभयो। भारतले अन्तर्राष्ट्रिय क्षेत्रमा **वैश्विक दक्षीण**-को आवाजलाई निरन्तरता दिने उहाँले बताउनुभयो। शीर्ष अतिथि नेताहरूमा माल्दिभ्सका राष्ट्रपति श्री मोहम्मद मुइज्जु, नेपालका प्रधानमन्त्री श्री पुष्पकमल दाहाल, श्रीलंकाका राष्ट्रपति श्री रनिल विक्रमासिङ्घे, बंगलादेशका प्रधानमन्त्री श्रीमती शेख हसिना, मौरिससका प्रधानमन्त्री श्री प्रविन्द कुमार जगन्नाथ, भुटानी प्रधानमन्त्री श्री छिरिङ तोब्गे र सेसेल्सका उपराष्ट्रपति श्री अहमद अफिफ हुनुहुन्थ्यो। अतिथि नेताहरूले राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुले आयोजना गरेको भोजमा पनि भाग लिनुभयो। राष्ट्रपतिले नेताहरूलाई स्वागत गर्दै, भारतको लोकतान्त्रिक अभ्यास "यसका जनताका लागि गर्वको क्षण मात्र होइन, विश्वभरिका लाखौँका लागि प्रेरणा हो" भन्नुभयो।

## CM-PM

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ्ले प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई लगातार तेस्रो कार्यकालका लागि सपथ ग्रहण गरेकोमा हार्दिक बधाई दिनुभएको छ। श्री तामाङ्ले बधाई सन्देशमा "राष्ट्रको प्रगतिमा तपाईंको अटल समर्पण वास्तवमै प्रशंसनीय छ," भन्नुभएको छ। त्यसबाहेक, उहाँले देशलाई समृद्धि र विकासको दिशामा अगाडि बढाउन श्री मोदीको निरन्तर प्रयासप्रति आफू आशावादी रहेको बताउनुभयो। मुख्यमन्त्री श्री तामाङ, राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य, राज्यसभा सांसद श्री डीटी लेप्चा, र लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा हिजो नयाँ दिल्लीमा आयोजित सपथ ग्रहण समारोहमा उपस्थित हुनुहुन्थ्यो।

## Mangan-Singtam Road

गएराति परेको अविरल वर्षाका कारण मङ्गन-सिङताम सडकखण्ड विभिन्न स्थानमा अवरुद्ध भएको छ। माखा, लोअर सामदोङ नजिक जुरासिक पार्क र डिक्चु नजिकको तिनतेक खोलामा सडक अवरुद्ध भएको थियो। आज दिउँसो माखा र जुरासिक पार्कको अवरोध हटाइएको भएपनि तिनतेक खोलामा पुनःनिर्माणको काम सुरु हुन सकेको छैन। बी.आर.ओ- अधिकारीका अनुसार तिनतेक खोला पुनर्निर्माणका लागि मेसिन तैनाथ गरिएको भए पनि अन्य दुई स्थानमा अवरोधका कारण आज उक्त उपकरण घटनास्थलमा पुग्न सकेको छैन। त्यसै गरी, आज बिहानीपख परेको मुसलधारे पानी परेर आएको बाढीले नाम्ची जिल्लाको याङ्गाङ क्षेत्रमा पर्ने मजुवा गाउँमा आठ घर बगाएको छ। यसको प्रकोपबाट तीन जनाको ज्यान गएको छ भने धेरै परिवार घरबारविहीन बनेका छन्। नाम्चीका जिल्लापाल श्रीमती अन्नपूर्ण आलेले ज्यान गुमाउनेहरूको पुष्टि गर्नुभएको छ। प्रभावित परिवारहरूलाई सुरक्षित स्थानमा सारिएको छ भने, तत्काल राहत पनि प्रदान गरिएको छ। जिल्ला आपदा प्रबन्धन अधिकारीको नेतृत्व, स्थानीय प्रशासन अनि गाउँलेहरूको सक्रिय सहभागितामा राहत र उद्वारकार्य चलाइएको थियो भने सम्पूर्ण राहत दलको नेतृत्व जिल्लापाल श्रीमती आलेले गर्नुभयो। उद्वार टोलीहरू फसेकाहरूलाई बाहिर निकाल्न र प्रभावितहरूलाई सहायता प्रदान गर्न जुटिरहेका छन् तर क्षतिको विवरण अझै आँकलन गर्न बाँकी नै रहेको जिल्लापालले बताउनुभयो।